# मिलनसार दैनिक
Milanshar Daily



वर्ष २३ अंक १७१ २०८० फाल्गुन १६ गते बुधबार | **Milanshar Daily 2024 - 28 February - Wednesday** | मूल्य रु. ५/- पृष्ठ संख्या-४


## निजगढको ग्यारेजमा विष्फोटबाट मृत्यु हुनेको संख्या तीन पुग्यो, तीनजनाको उपचार हुँदै




सिमरा, १५ फाल्गुन ।
बाराको निजगढ– ७ स्थित गाडी मर्मत गर्ने कारखाना (ग्यारेज) मा सोमबार भएको शंकास्पद वस्तु विष्फोटको घटनामा ज्यान गुमाउनेको संख्या तीन पुगेको छ । विष्फोटमा परि गम्भीर घाइते भएका वीरगन्ज महानगरपालिका –९ का २० वर्षीय रितु रजतको मंगलबार उपचारका क्रममा मृत्यु भएको हो ।

रजतको बयोधा अस्पतालमा उपचार भइरहेको छ । उक्त घटनामा परि यसअघि ग्यारेज सञ्चालक ४५ वर्षीय रेशम मगर र भारत गुवाईका ३५ वर्षीय राकेश जयसवालको मृत्यु भएको थियो ।

घटनामा अन्य तीनजना घाइते छन् । घाइतेमध्ये भारत रामगढवाका २० वर्षीय अरविन साहको अवस्था गम्भीर छ। साहको बयोधा अस्पतालमा उपचार भइरहेको छ । यसैगरी घटनामा वीरगन्ज ९ का फिरोद देवान र निजगढ ५ का सूर्यबहादुर थापा सामान्य घाइते छन् ।

निजगढ– ७ स्थित रोहित वर्कशपमा विष्फोट भएको उक्त शंकास्पद वस्तुबारे प्रहरीले अनुसन्धान गरिरहेको छ। प्रहरीले के विष्फोट भएको हो भन्ने खुलाएको छैन । यसअघि सिलिण्डर पड्किएको भनेर सूचना प्रवाह गरेको प्रहरीले आफ्नो सूचना सच्याउँदै शंकास्पद वस्तु विष्फोट भएको जनाएको छ ।

विष्फोट भएको स्थलमा फलामको टुक्रा भेटिएका छन्। उक्त टुक्रालाई प्रहरीले ल्याब परिक्षणका लागि पठाउने तयारी गरिरहेको छ । बाराका प्रहरी उपरीक्षक सुरेश काफ्लेले विष्फोट भएको उक्त वस्तु

***(बाँकी अन्तिम पृष्ठमा)***

## राजकीय सम्मानका साथ भजन शिरोमणिको अन्त्येष्टि



काठमाडौं, १५ फाल्गुन ।
वरिष्ठ गायक तथा संगीतकार भक्तराज आचार्यको राजकीय सम्मानका साथ अन्तिम संस्कार गरिएको छ । पशुपतिस्थित आर्यघाटमा मंगलबार अपरान्ह आचार्यका छोराद्वय सत्यराज र स्वरूपराज आचार्यले उनको पार्थिव शरीरमा दागबत्ती दिएका थिए ।

आचार्यको सम्मानमा नेपाली सेनाको एक टुकुडीले सलामी अर्पण गरेको थियो । भजन शिरोमणिको उपाधि पाएका आचार्यलाई अन्तिम श्रद्धाञ्जली अपर्ण गर्न गायक,संगीतकार तथा शुभचिन्तकहरू आर्यघाट पुगेका थिए।

अन्तिम दाहासंस्कार अघि आचार्यको पार्थिव शरीरमा प्रधानन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले राष्ट्रिय झण्डा ओढाएर अन्तिम बिदाइ गरेका थिए ।

आचार्यलाई श्रद्धाञ्जली दिन गृहमन्त्री नारायणकाजी श्रेष्ठ, पर्यटनमन्त्री सुदन किराती, पूर्वप्रधानमन्त्री एवं नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली, विभिन्न दलका नेता, शुभचिन्तक, गीत–सङ्गीत क्षेत्रका व्यक्तित्व तथा कलाकार, सर्वसाधारण नक्सालस्थित नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान पुगेका थिए ।

अन्तिम श्रद्धाञ्जलीका लागि आचार्यको पार्थिव शरीर बिहान ११ बजेदेखि प्रज्ञा प्रतिष्ठानमा राखिएको थियो । त्यहाँ संगीतकर्मीहरूले आचार्यका कालजयी गीतहरू "जहाँ छन् बुद्धका आँखा," "हजार सपनाहरूको माया"

***(बाँकी अन्तिम पृष्ठमा)***

## विद्यालय शिक्षा विधेयक पारित गर्न प्रयत्न गर्छु : सभामुख



काठमाडौं, १५ फाल्गुन ।
सभामुख देवराज घिमिरेले विद्यालय शिक्षा विधेयक पारित गर्न प्रयत्न गर्ने बताएका छन् ।

रामेछापको गोकुलगंगास्थित गोकुलगंगा माध्यमिक विद्यालयको स्वर्ण जयन्ती समारोहलाई सम्बोधन गर्दै सभामुख घिमिरेले विधेयक पारित भएसँगै तीन तहको काम कर्तव्य र जिम्मेवारीको प्रभावकारी कार्यान्वयन हुने बताए ।

शिक्षालाई समयअनुसार वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमुलक, रोजगारमूलक एवं जनमुखी बनाउन जरुरी रहेको उल्लेख गर्दै उनले संसदमा विधाराधिन रहेको विद्यालय शिक्षा विधेयक पारित भएको अवस्थामा शैक्षिक गुणस्तर वृद्धि हुन सहयोग हुने अपेक्षा लिएको बताए ।

सभामुख घिमिरेले बदलिएको समय अनुसार शिक्षामा सुधार आवश्यक रहेको बताए ।

शिक्षाले समाज रुपान्तरणको गति निर्धारण गर्ने भएकाले समाजको आवश्यकता अनुरुप व्यवहारिक, प्राविधिक र सर्वसुलभ शिक्षाका लागि नीतिहरु परिवर्तन हुनुपर्नेमा जोड दिए ।


## छिपहरमाई गाउँपालिका
### छिपहरमाई गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
मधेश प्रदेश, नेपाल

### करारमा सेवा लिने सम्बन्धि सूचना
**पहिलो पटक सुचना प्रकाशित मिति : २०८०।११।१६**

छिपहरमाई गाउँपालिका पर्साको लागि सेवा करारमा क्षयरोग मुक्त कार्यक्रम संयोजक छैठो तहमा भर्ना गर्नुपर्ने भएकोले निम्न बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपुर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद/तह | सेवा समुह | मांग पद संख्या | न्युनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर | कै. |
|---|---|---|---|---|---|---|
| १७/०८०/०८१ | क्षयरोग मुक्त कार्यक्रम संयोजक/ छैठो तह | स्वास्थ्य हे.ई. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट जन स्वास्थ्य विषयमा स्नातक तह उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायिक परिषदमा दर्ता भएका | १,०००/- | |

१. **दरखास्त दिने स्थान** : छिपहरमाई गाँउ कार्यपालिकाको कार्यालय, भिस्वा, पर्सा ।
२. **दरखास्त दिने अन्तिम मिति** : २०८०।११।३० गते बुधवार सम्म ।
३. **छनौटको किसिम** : प्रारम्भिक योग्यताक्रमको सुचि प्रकाशन तथा अन्तर्वार्ता ।
४. **राजस्व बुझाउने खाताको नाम र नं.** : ग १.१ आन्तरिक राजश्व खाता नं. L6CA000187452406, एन.आई.सि. एसिया बैंक भिस्वा शाखा
५. **आवेदन साथ संलग्न कागजातहरु :**
– नागरिकता
– न्युनतम योग्यताको लाबधांक प्रमाण पत्र
– चारित्रिक प्रमाण पत्र
– काम संग सम्बन्धित अनुभव भए सोको कागजात
– ३ प्रति पासपोर्ट साईजको फोटो
**६.सेवा सुविधा तथा अन्य** : नियमानुसार ।
७. दरखास्त भर्ने अन्तिम दिन सम्म २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको हुनुपर्छ ।
८. विस्तृत जानकारीको लागि छिपहरमाई गाउँपालिका कार्यालय, स्वास्थ्य शाखा ।

**प्रमुख प्रशासकीय अधिकृत**